नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति : २०६७।२।२०

गण्डकी अञ्चल, कास्की जिल्ला, सिल्दुजुरे, नामार्जुन, थुमाको डाँडा गा.वि.स.हरुमा अवस्थित मादी खोलामा २० मेगावाट क्षमताको **माथिल्लो मादी जलविद्युत आयोजना**को विद्युत उत्पादनको अनुमतिपत्र प्रबर्द्धक श्री मादी पावर प्रा.लि., सिनामंगल, काठमाडौंलाई नेपाल सरकारको मिति २०६७।१।२७ को निर्णय अनुसार प्रदान गरिएको छ। यस आयोजनाबाट वार्षिक ११.५३ करोड किलोवाट आवर विद्युत शक्ति उत्पादन हुने छ। उक्त आयोजनाबाट उत्पादन हुने विद्युत ११ कि.मि. लामो १३२ के.भी. प्रसारण लाइन मार्फत लेखनाथ नगरपालिका स्थित नेपाल विद्युत प्राधिकरणको सवस्टेशनमा जोडिने छ। यो आयोजना आ.व. २०७० सम्ममा सम्पन्न हुने छ भने आयोजनाको अनुमानित लागत करिब २ अर्ब ७२ करोड रुपैयाँ रहेको छ।

**अनुप कुमार उपाध्याय**
सहसचिव एवम् प्रवक्ता